## निवेदकले आवेदन फाराम बुझाउंदा ध्यान दिनुपर्ने कुराहरु

१. आवेदन फाराम मिति २०७४ साल चैत्र १९ गते देखि वितरण गरिनेछ ।

२. आवेदन फाराम परीक्षा नियन्त्रण कार्यालय, रामपुरवाट नि:शुल्क प्राप्त गर्न सकिनेछ ।

३. आवेदन फाराम वुझाउँदा दीक्षान्त समारोहमा भाग लिने तहको सक्कल ट्रान्सकिप्ट सहित ग्रेस नम्वर चेक गराएर मात्र वुझाउनु पर्नेछ । आवेदन फारामका साथ एम.आर.पि.[MRP] साइजको फोटो दुई प्रति, नागरिकता प्रमाण पत्रको फोटोकपि र ट्रान्सकिप्टको फोटोकपि अनिवार्य रुपमा संलग्न हुनु पर्नेछ ।

४. दीक्षान्तमा सहभागी हुनका लागि दीक्षान्त शुल्क तथा गाउन / स्कार्फ / ह्याट को लागि धरौटी वापत तपशिल वरावरको रकम नेपाल बैङ्क लिमिटेड रामपुर स्थित कृषि तथा वन विज्ञान विश्वविद्यालय हि.नं. ०८५००१०६४२०८३१००००01 रामपुरमा जम्मा गरेको सक्कल भौचर संलग्न गरी कृ.व.वि.वि.,प.नि.का. को लेखा शाखामा जम्मा गर्नु पर्नेछ ।

शुल्क विवरण:-

| तह | दीक्षान्त शुल्क | गाउन/स्कार्फ/ह्याट धरौटी (रु.) | जम्मा (रु.) |
|---|---|---|---|
| क. स्नातक | १५००।- | ३०००।- | ४५००।- |
| ख. स्नातकोत्तर | २०००।- | ३०००।- | ५०००।- |
| ग. विद्यावारिधि [पिएच डी] | ३०००।- | ३०००।- | ६०००।- |

५. सक्कल बैङ्क भौचर लेखा शाखामा वुझाएपछि आम्दानी रसिद लिई आवेदन फाराम वुझाउनु पर्नेछ । आवेदन फाराम वुझाएपछि लेखा शाखावाट प्राप्त आम्दानी रसिद र ग्रेस नम्वर उल्लेख गरिएको आवेदन फाराम संगै रहेको दीक्षान्त स्लीप अनिवार्य रुपमा लिनु पर्नेछ ।

६. उपर्युक्त वमोजिम रीत नपुगेका, ग्रेस लिस्टमा नाम नपरेका र ग्रेस लिस्ट चेक नगराई आवेदन दिएका विद्यार्थीहरुको आवेदन स्वीकृत हुनेछैन र आवेदन फाराम भरिसकेका तर म्याद भित्र वुझाउन नआएका विद्यार्थीहरुको आवेदन फाराम पनि वुझि लिइनेछैन ।

७. दीक्षान्त समारोह सम्बन्धी विस्तृत कार्यकम पछि प्रकाशित गरीनेछ ।

**नोट :**

१. दीक्षान्त आवेदन फाराम कृ.व.वि.वि.को आधिकारिक वेव साइट WWW.afu.edu.np वाट डाउनलोड गरी भर्न पनि सकिनेछ ।

२. ग्रेस लिस्टमा समावेश भइसकेका दीक्षान्त समारोहमा भाग नलिने विद्यार्थीहरुले दीक्षान्त समारोह सम्पन्न भइसकेपछि आवेदन फाराम सहित तपसिलमा तोकिए वमोजिम शुल्क वुझाई कृ.व.वि.वि.,प.नि.का.रामपुरवाट प्रमाण पत्र लिन सक्नेछन् ।

### तपसिल

| | तह | शुल्क (रु.) |
|---|---|---|
| क. | स्नातक | १७००।- |
| ख. | स्नातकोत्तर | २२००।- |
| ग. | विद्यावारिधि (पिएच डी) | ३२००।- |